रामारोशन गाउँपालिकाको ८ औ गाउँसभाका अध्यक्ष ज्यू,

सभामा उपस्थित सम्पुर्ण गाउँसभा सदस्य ज्यूहरु।

इतिहासका विभिन्न कालखण्डामा लोकतन्त्र र अग्रगमनका पक्षमा भएका क्रान्ति, आन्दोलन र युद्धमा सहादत्त प्राप्त गर्ने महान विर सहिद हरुप्रति हार्दिक श्रद्धान्जली अर्पण गर्दै राष्ट्रनिर्माणको लागी उहाँहरुले गर्नु भएको योगदानको स्मरण र प्रशंशा गर्न चाहन्छु । २००७ सालको क्रान्ति, २०४६ सालको जनआन्दोलन, २०५२ सालको महान जनयुद्ध तथा २०६२/६३ को जन आन्दोलनमा ज्यानको आहुति दिने विर सहिदहरु एवं रामारोशन गाउँपालिका वडा नं ६ का वडा सदस्य स्वर्गिय श्री मानसिंह साउँद प्रति हार्दिक श्रद्धान्जली अर्पण गर्दछु, उक्त आन्दोलन तथा युद्धहरुमा घाइते तथा अंग भंग हुने घाइते योद्धाहरु प्रति उच्च सम्मान प्रकट गर्दछु र वेपत्ता योद्धाहरुप्रति उच्च सम्मान प्रकट गर्दछु । महान जनयुद्ध लगायत तमाम मुक्ति संघर्षमा आफ्ना आफन्त गुमाउने सहित तथा वेपत्ता परिवारप्रति उच्च सम्मान प्रकट गर्दछु । मुक्ति संघर्षका योद्धाहरुको योगदानको स्मरण गर्दै रामारोशन गाउँपालिकाको आर्थिक वर्ष २०७८/७९को निति तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु । देश तिन तहको राज्य संरचनाको अभ्यासमा रहे पनि जनताको सवैभन्दा नजिकको सरकार स्थानीय तह हुने भएकोले जनताका स्थानीय सरकार प्रति वढी आकाँक्षा हुने स्वभाविक हो । सिमित स्रोतबाट जनताको असिमित आकांक्षा परिपुर्ति गर्नु स्थानीय सरकारको लागी अवसर र चुनौति दुवै हो । कोरोना भाइरस जस्तो विश्वव्यापी महामारीसंग जुधिरहेकै वेला २०७७ भाद्र ५ को विनासकारी वाढीले हामिलाइ आर्थिक रुपमा थप भारमा पार्यो । तमाम अभाव र आकांक्षाका विच रामारोशन गाउँपालिकाको आगामी आर्थिक वर्षको निति तथा कार्यक्रम क्षेत्रगत रुपमा सम्मानित गाउँ सभामा पेस गर्ने अनुमति चाहन्छु ।

<u>स्वास्थ्य क्षेत्र तर्फः</u>

१ विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरस रोकथाम तथा नियन्त्रणलाइ उच्च प्राथमित्ता दिइ आवश्यक वजेट व्यवस्थापन गरिनेछ र कोभिड १९ को माहामारी तथा अन्य आउन सक्ने विभिन्न महामारी तथा सरुवा रोग नियन्त्रण रोकथामका लागी **Antigen \PCR** विधि वाट प्रत्यक स्वास्थ्य संस्था स्तरमा **SAB** शंकलन तथा जाँचको लागी प्रयोगशाला स्वास्थ्य कर्मि परिचालन गरी समयमा रोगको निदान गर्न **PCR** प्रयोगशालामा पठाउने र कोभिड अस्पताल निरन्तर रुपमा संन्चालन गरी आवश्यकता अनुसार उपचार र रेफ्ररल

प्रणालीमा सुधार गर्न र जनता लाइ उपचारको समयमा व्यवस्थापन गर्न यस आ .व. देखि एम्बुलेन्स सेवा सुचारु गरीने छ । साथै सम्पुर्ण नागरीकहरुलाइ COVID-19 कोरोना रोगको रोकथाम तथा नियन्त्रणको लागी प्रदेश तथा संघ सरकार संघ समन्वय गरी सम्पुर्ण नागरीकलाइ खोप लगाउने कार्यलाइ निरन्तरता दिइने छ ।

२ स्वास्थ्य विमा कार्यक्रम लाइ निरन्तरता दिइने छ।

३ रामारोशन गाउँपालिकाका जनताले घर दैलोमा निःशुल्क स्वास्थ्य सेवाको अनुभुति गराउन ७ वटै वडाको स्वास्थ्य संस्थाहरुको सेवा व्यवस्थापन गर्न गाउँपालिका तत्पर रहनुका साथै प्रति संस्था एक लाख रकम अनुदान उपलब्ध गराइने छ । साथै स्वास्थ्य संस्थाको न्युनतम सेवा मापदण्ड पालना गर्न गुणस्तरीय सेवा दिन स्वास्थ्य संस्थाको लागी आवश्यक व्यवस्थापनको कार्यलाइ निरन्तरता दिइने छ ।

४ गुणस्तरीय औषधीमा जनताको पहुँच, औषधीको समुचित प्रयोग, अत्यावश्यक औषधी र उपकरणको प्रयाप्त उपलब्धता गराई स्वास्थ्य सेवा प्रभावकारी र जनमुखी बनाउनुका साथै आवश्यकता अनुसार विशेषज्ञ सहितको शिविरहरु सञ्चालन गरिने छ ।

५ मातृ तथा शिशु स्वास्थ्यको क्षेत्रमा प्रगति भएता पनि भौगोलिक विकट्ता र आर्थिक विपन्नता भएका ठाउँमा मातृ मृत्युदर र नवजात शिशु मृत्युदरमाकमि ल्याउन महिलाहरुको प्रजनन् स्वास्थ्य, सामुदायीक प्रसुति केन्द्रको विस्तार, गुणस्तरीय प्रसुती सेवा, सामुदायमा आधारित नवजात शिशु सेवाद्वारा मृत्युदर घटाउन दक्ष जनशक्ति बनाउन तिब्र गतिमा पालिका स्तरबाट व्यवस्थापन गरिने छ ।

६ समनता, जवफदेहिता, जनसहभागिता जस्ता प्राथमिक स्वास्थ्य सेवाका सिद्धान्तहरु प्रति प्रतिबद्ध रहि 'सबैका लागि स्वास्थ्य' र 'सबै स्वास्थ्यका लागि' अभियान अघि बढाउन गाउँपालिका प्रयत्नशिल रहनुका साथै स्वास्थ्यका सामाजिक कारक तत्वहरुका महत्त्वलाई आत्मासात गर्दै अन्य सामाजिक नितिहरुमा पनि स्वास्थ्य सरोकार प्रतिविम्वित गराउन 'स्वास्थ्य सबै नितिहरुमा' स्थापित गरिने छ ।

७ परिवार स्वास्थ्य लागायत यौन तथा प्रजनन् स्वास्थ्यलाई एकिकृत सेवाको रुपमा कार्यन्वयन गर्न' प्रत्यक स्वास्थ्य संस्थामा नर्स हरु परिचालन गरी कार्यक्रम' सञ्चालन गरिने छ ।

८ युवा तथा किशोरी मैत्री स्वास्थ्य सेवाको अवधारणलाई सम्पूर्ण स्वास्थ्य सेवा प्रदायक संस्थाहरुमा समावेश गरी विद्यालय स्वास्थ्य कार्यक्रमसँग सामायोजन गराइने छ ।

९ प्रजनन् स्वास्थ्यसँग सम्बन्धित हरेक पक्षको उत्थान, समस्या समाधान, सेवा विस्तार र गुणस्तरता अनुगमन अभियानलाई अगाडी बढाउन उपाध्यक्ष महिला सशक्तिकरण कार्यक्रम मार्फत समबोधन गरिने छ ।

१० महिला, बालबालिका, जेष्ठ नागरिक, दलित, सिमान्तकृत, अग्रगामी लोक तान्त्रिक परिवर्तनका लागि भएको १० बर्षे जनयुद्ध, सबै जनआन्दोलन र क्रान्तिका क्रममा जिवन उत्सर्ग गर्ने शहिद परिवार, द्वन्द्ध पिडित र घाइतेहरुको संविधान प्रदत्त अधिकार स्वास्थ्य सेवामा प्रत्याभुत गरिनेछ । सबै लिङ्ग क्षेत्र र समुदाय भित्रका आर्थिक रुपले विपन्न शारिरीक र मानसिक रुपले अशक्तहरुलाई प्राथमिकताका साथ स्वास्थ्य सेवा सुनिश्चित गरिने छ ।

११ उपचार सेवालाई व्यवस्थित बनाउन समुदायका स्वास्थ्य संस्थादेखि अति विशिष्ट सेवा प्रदायक संस्थाहरु सम्म प्रभावकारी दोहोरो प्रेषण प्रणालीको व्यवस्था गरिनेछ ।

१२ आधारभुत स्वास्थ्य सेवा गाउँपालिकाले निःशुल्क उपलब्ध गराइने र यसका लागि सरकारी (संघीय, प्रदेश र स्थानीय) लगायतका विभिन्न स्रोतबाट वित्तीय व्यवस्थापन गर्न स्थानीय सरकार (गाउँपालिका) बाट न्युन्तम १० प्रतिशत स्वास्थ्य क्षेत्रमा बजेट विनियोजन गर्ने गरेकोमा यसलाई बृद्धि गरी १५ प्रतिशत पुर्याइने छ ।

१३ बजेट निकासा, खर्च र खरिद प्रक्रियालाई सरलिकरण गरिने छ।

१४ स्थानिय तहमा कम्तिमा १५ सैयाको रामारोशन अस्पताल स्थापना कार्य प्रारम्भ गरिने छ । यसको लागी संघ र प्रदेश सरकार संघ समन्वय गरीने छ ।

१५ रामारोशन गाउँपालिकाको स्वास्थ्य चौकीहरुको क्रमशः स्तर उन्नती गरी कम्तीमा एउटा स्वास्थ्य संस्थामा गरिने छ।

१६ भौगोलिक र जनसंख्याको अनुपातका आधारमा बढीमा १ घण्टाको दुरीमा एक वडा एक स्वास्थ्य संस्थाको अवधारणालाई सफलिभुत बनाउन एउटा वडामा एक स्वास्थ्य चौकी सहित आवश्यकता अनुसार सामुदायिक स्वास्थ्य इकाई स्थापना गरिनेछ ।

१७ गाउँपालिकाका सबै जनताको समयमै रोग निदानको लागि स्वास्थ्य संस्था स्तरमा प्रयोगशाला र एक्सरे सेवालाई विस्तार गरिने छ ।

१८ लैङ्गिक हिंसा पिडितहरुको उपचार तथा एक द्वार संकट व्यवसथापन केन्द्रमा प्रेषणको व्यवस्था गरिने छ ।

१९ नेपालको संविधान २०७२ को मर्म अनुसार बालबालिकाको अधिकार सुनिश्चत गर्न गुणस्तरिय खोप सेवा तथा पुर्ण खोप शुनिश्चितता गर्न बाह्य खोप केन्द्र भवन निर्माणमा जोड दिइने छ ।

रामारोशन गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
शान्तडा, अछाम
२०७३

२० यौन रोग तथा एच आई भी एड्स लाई व्यवस्थापन गर्न ART वितरण केन्द्र स्थापना तथा सुचीकृत गर्न जोड दिइने छ । साथै सुरक्षीत गर्भपतन सेवा शान्तडा स्वास्थ्य संस्थामा निरन्तरता र केहि संस्थामा विस्तार गरीने छ ।

२१ पूर्ण संस्थागत सुत्केरी (Zero Home Delivery) कार्यक्रम सम्पुर्ण वडामा लागु गरि स्वास्थ्य संस्थामा गर्भ जाँच गराउन आउने महिलालाई पालिका स्तरबाट निःशुल्क भिडियो एक्सरे र सबै स्वास्थ्य संस्थामा 'सुत्केरी कक्ष को मर्मत सम्मार गर्नुको साथै आवश गृह' व्यवस्थापन गरिने छ ।

२२ गाउँपालिकालाई पूर्णपोषण युक्त गाउँपालिकाघोषणको लागि बहुक्षेत्रिय पोषण योजना कार्यक्रम मार्फत सम्बोधन गरिनेछ।

२३ गाउँपालिकामा विशेष गरेर जेष्ठ नागरिक संग सम्बन्धित सेवा, सवालहरु, नसर्ने रोगहरुको पहिचान र उपचार, अखाद्य बस्तुको कडा नियमन, मदिरा र सुर्तीजन्य पदार्थको नियमन तथा कारबाही आदि जस्ता अभिभावकत्व सँग सम्बन्धित गतिविधिहरु सरकार प्रमुख सँग अभिभावक कार्यक्रम सञ्चालन गरी सम्बोधन गरिने छ ।

२४ स्वास्थ्य संस्थाहरुको सरसफाई स्वच्छता कायम गर्नका लागि अध्यक्ष सरसफाई तथा स्वच्छता कार्यक्रमबाट सम्बोधन गरिने छ

२५ स्वास्थ्य संस्थाको सेवामा निरन्तरता दिन वालमृत्यु दर ,नवशिशु मृत्यु दरमा , शुन्य होम डेलिभरी कार्यक्रम र आमा समुहमा जनचेतना जगाउन सेवारत म स्वा स्वयं सेवक लाइ प्रोत्साहन स्वरुप वजेटकव व्यवस्थापन गरीएको छ।

२६ बहुक्षेत्रिय पोषण योजनालाइ प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ जसका लागी आवश्यक समपुरक अनुदान व्यवस्था गरिनेछ ।

२७ बहुक्षेत्रीय पोषण योजना अन्तर्गत पोषण मैत्री स्थानिय शासन (NFLG)अबलम्बन गर्न पोषण मैत्री वार्ड घोषणका लागि विशेष अभियान सञ्चालन गरि वडा घोषणा अभियानलाई विशेष प्राथमिकतामा राखी कार्य गरिनेछ । आर्थिक बर्ष २०७८।०७९ मा २ नं. वडा लाई पोषण मैत्री घोषणा गरिने छ ।

२८ यस रामारोशन गाउपालिका अन्तरगत का सम्पुर्ण गर्भवति आमा हरुलाइ उपाध्यक्ष कोशेली कार्यक्रम लाइ निरन्तरता दिइने छ ।

२९ नेपालका महिला, किशोरी र बालबालिकामा हुने कुपोषणको अवस्थामा सुधार ल्याउने उद्देश्यले नेपाल सरकारकको प्राथमिकतामा रहेको बहु क्षेत्रीय पोषण योजना कार्यान्वयनलाई यस

रामारोशन गाउँपालिका अछामले उच्च प्राथमिकतामा राखेछ र सोही अनुरुप आ.ब. २०७८।०७९ का लागि नेपाल सरकारबाट प्राप्त हुने बजेट रु २७ लाख र यस गाउँपालिकाले छुट्याइको समपुरक रकम समेतलाई क्षेत्रगत विनियोजन गरी पोषण सुधारका लागि तोकिएको क्रियाकलापमा खर्च गरिनेछ ।

३० बहु क्षेत्रीय पोषण योजनाले निर्दिष्ट गरेका उप्लब्धी तथा प्रतिफल प्राप्तिको लागि विषयगत शाखा साझेदार निकायहरु सँग मिलेर पोषण लक्षित र संवेदनशिल क्रियाकलापहरु सञ्चालन गरिने छ र महिला बालबालिका लक्षित कार्यक्रम जस्तै बाल पोषण अनुदान खोप कार्यक्रम , बाल मैत्री स्थानिय शासनमा समेत बहुक्षेत्रिय पोषण योजनालाई समेत समाबेश गर्दै लगिनेछ ।

३१ गाउँपालिकाको पोषण सम्बन्धी सुचना, तथ्याङ्कहरुको व्यवस्थापनको कमी भएको कुरा लाई महशुस गर्दै गाउँपालिकामा पोषणको क्षेत्रमा कार्यरत संघ संस्थाहरुको सहकार्यमा गाउँपालिका स्तरिय पोषण पाश्र्व चित्र (Nutrition Profile)यसै बर्ष भित्र तयार गरिने छ ।

३२ बहुक्षेत्रीय पोषण योजना दोस्रो कार्यन्वयन सम्बन्धी राष्ट्रिय योजना आयोगको निर्देशिका २०७४ ले तोके अनुसार पोषण तथा खाद्य सुरक्षा समिति सबै वडाहरुमा गठन गरि बहुक्षेत्रीय पोषण योजनालाई मुल प्रबाहीकरण गरिने छ ।

३३ पोषण लक्षित अनुगमन तथा मुल्याङ्कनको प्ररुप सहित स्थानिय योजना प्रक्रिया र योजनाहरुमा पोषणलाई समहित गरिनेछ ।

३४ हालै सम्पन्न विश्व व्यापी एवम् नेपालको प्रमाण पत्र समिक्षा भएको आधारमा आमाहरुमा कुपोषण र बालबालिकाहरुमा पुड्कोपनको प्रवृतीमा कमी ल्याउन हाल उपलब्ध गराउँदै आएको बाल नगद अनुदानका साथै बच्चा जन्मेको ३५ दिन भित्र जन्म दर्ता गराएमा मात्र वाल पोषण भता वितरण गरीने व्यवस्था गरीने छ ।

३५ सामाजमा विद्यामान कुरिती जस्तै छाउपडी कुप्रथा, बाल विवाह, बहुविवहा र छुवाछुत जस्ता कुसंस्कार विकृती अन्त्यका लागि गाउँपालिकाको ऐन तथा निती नियमहरु कार्यन्वयन गरिनेछ ।

३६ सबै क्षेत्रमा बुहक्षेत्रिय पोषण योजना तर्जुमा गरी त्यसको प्रभावकारी कार्यन्वयन तथा अनुगमन सुशासन र पारदर्शिताको सुनिश्चित्ता गरिनेछ ।

३७ सामुदायिक स्वास्थ्य कार्यक्रमलाइ प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।

३८ सामुदायिक स्वास्थ्य इकाइहरु मार्फत सेवा प्रवाहको व्यवस्था मिलाइनेछ ।

**शिक्षा तर्फः**

३९ गुणस्तरीय शिक्षाको लागि शिक्षण संस्था छान्नु पर्ने स्थितिको अन्त्यको लागी सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर अभिवृद्धिमा जोड दिइनेछ र उपयुक्त शैक्षिक वातावरण निर्माणका लागी विद्यालयमा विद्यमान असमानता न्युनिकरणका लागी आवश्यक व्यवस्था गरिनेछ ।

४० विद्यालय शिक्षाको आधारभूत तहको लागि स्थानीय परिवेशमा आधारित सीप कला प्रविधि कृषि पेशा व्यवसाय आदि सँग सम्बन्धित गरेर स्थानीय मातृभाषाको पाठ्यक्रम निर्माण गरी लागु गरिनेछ ।

४१ प्राविधिक एंवम व्यावसायिक शिक्षाको माध्यमबाट सीप युक्त जनशक्तिको विकासका लागी प्राविधिक विद्यालयलाइ दिइने अनुदानलाइ निरन्तरता दिइनेछ ।

४२ पेसागत रुपले दक्ष, स्वप्रेरित, उत्तरदायी शिक्षकसँग विद्यार्थीले सिक्न पाउने हक सबै शैक्षिक संस्थामा सुनिश्चित गरिनेछ।

४३ शिक्षकका सेवा तथा सुविधामा असमानता भएकाले संघ, प्रदेश र स्थानीय तहका दरबन्दीमा कार्यरत शिक्षक कर्मचारीहरुलाको सेवा सुविधामा समानता कायमको लागी पहल गरिनेछ।

**सामाजिक समावेशिकरण तर्फः**

४४ उपाध्यक्ष महिला सशक्तिकरण कार्यक्रमलाई थप प्रभावकारी बनाईनेछ र लैङ्गिक हिंसा निवारण कोषलाई निरन्तरता दिइनेछ ।

४५ जिविकोपार्जन तथा शसक्तिकरणका विभिन्न क्रियाकलापमा संलग्न हुन महिला समुह गठन तथा परिचालन गरिनुका साथै महिला केन्द्रित सिपमुलक कार्यक्रमलाई जोड दिइनेछ ।

४६ लैङ्गिक हिंसा निवारणमा न्यायिक समितिको क्षमता अभिबृद्धी गर्दै लैङ्गिक हिंसाप्रति शुन्य सहनशिलताको नीति लिइनेछ ।साथै विपन्न तथा एकल महिला लक्षित कार्यक्रममा जोड दिइनेछ ।

४७ दलित समुदायका परम्परागत पेसालाई व्यवसायिकरण गरिनुका साथै जातिय छुवाछुत लगायत सबै खाले विभेदिकरणको अन्त्यका लागी विशेष कार्यक्रम संचालन गरिनेछ ।

४८ बालविवाह न्युनिकरणका गर्न अभियान संचालनका साथै बालक्लव गठन संचालन नियमन गरि बालबालिकाको हकहितको पक्षमा कार्य गर्ने नीति अबलम्वन गरिनेछ ।

४९ न्युन आय भएका विपन्न वर्ग दलित तथा जनजातिको लागी जिविकोपार्जनमा सहयोग गरी आत्मनिर्भर बन्ने खालका कार्यक्रमहरु संचालन गरिनेछ ।

५० जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र अभिभावक विहिन बालबालिका लक्षित कार्यक्रममा जोड दिईनेछ ।

५१ लोपोन्मुख जाती तथा जनजाती एवं सिमान्तकृत समुदायको संरक्षणको लागी विशेष व्यवस्था गरिनेछ ।

<u>खानेपानी सरसफाइ तथा स्वच्छता तर्फः</u>

५२ ग्रामिण जलस्रोत व्यवस्थापन परियोजना अन्तरगतका सरसफाइ तथा स्वच्छता तथा जिविकोपार्जनका क्रियाकलापहरुको लागी रु ५० लाख समपुरक अनुदान व्यवस्थापन गरिनेछ ।

५३ सरसफाइ तथा स्वच्छता तथा खानेपानी आयोजनाको दिगोपनाको सुनिश्चितताको लागी वास वोर्डको अवधारणालाइ कार्यान्वयन गरिनेछ ।

<u>कृषि तथा पर्यटन तर्फ</u>

५४ कोभिड १९ बाट सिर्जित कृषि संकट व्यवस्थापनमा प्रथामिकता दिइनेछ ।

५५ तुलानात्मक लाभ दिन सक्ने स्थानीय बालीनाली र आधारभुत खाद्य वस्तुको उत्पादनमा आत्मानिर्भरता हुन सक्ने कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

५६ कृषि पेशालाइ सम्मानित प्रतिश्प्रधि र व्यवसायिक बनाइनेछ र व्यवसायिक कृषि उत्पादनमा जोड दिइनेछ ।

५७ प्राङ्गारिक कृषि प्राणाली अबलम्बन गर्न बिशेष जोड दिइनेछ ।

५८ गाउँपालिका क्षेत्र भित्र आलु तथा तरकारी बालिको क्षेत्र बिस्तार गरि कृषि प्रसारका का कार्याक्रमलाई थप प्रभावकारी बनाईनेछ र लोप उन्मुख स्थानीय बालीका जात संरक्षरका कार्यक्रमलाई अगाडी बढाईनेछ ।

५९ कृषि विमा कार्यक्रम अगाडी. वढाईनेछ र सम्भावनाको अध्यन गरी एक वडा एक उत्पादन कार्यक्रम प्रारम्भ गरिनेछ ।

६० विउ उत्पादन कार्यक्रम संचालन गरि समुदायको पोषण तथा जिविको पार्जनको अवस्थामा सुधार ल्याउनका लागि गाँउपालिका भित्रका हरेक घरधुरीमा घरवारी स्थापना गर्दै सम्भाव्य क्षेत्रमा उत्पादनको पकेट क्षेत्र विस्तार गर्ने र व्यवसायिक रुपमा समुह मार्फत वार्षिक रु १० लाख भन्दा माथि कारोवार गर्ने कृषक समुहहरुलाइ प्रोत्साहन गर्ने निति लिइनेछ

६१ मकै बाली उत्पादन तथा मकै वीउ उत्पादनका कार्यक्रम अगाडी बढाइनेछ ।

६२ स्थानिय उत्पादन बाट कृषकहरुलाइ अधिकतम लाभ लिइ उत्पादनको भण्डारण बजारिकरण का साथै कृषि सामाग्रीको सहज आपुर्तिका लागि आवश्यकता अनुसार संकलन केन्द्र, कोल्ड

स्टोर, एग्रोभेट, स्थापना र हाटबजार संचालन गर्ने कार्य यसै वर्षबाट सुरुवात गरिनेछ ।सो प्रयोजनका लागि निजि क्षेत्र तथा सहकारीहरुलाइ प्राथमिकताकासाथ परिचालन गर्ने निति लिइनेछ ।

६३ उच्च मुल्य कृषि वस्तु उत्पादनलाइ विषेश प्रथमिकता दिइनेछ ।

६४ कृषक परिवारको आयस्तर बृद्धि गरि बैदेशिक रोजगारीको विकल्पकोरुपमा कृषि पर्यटनलाई स्थापित गर्दै रोजगारिका अबसर सृजना गरिने छ ।

६५ कृषि पर्यटनको बिकास र प्रर्बद्धन गरि ग्रामिण अर्थतन्त्रलाई सबल बनाईने छ र कृषि पर्यटन तथा परम्पराग कला संस्कृतिको सम्बर्द्धन गरिने छ ।

पशु सेवा तर्फः

६६ पशुपंक्षि बिमा कार्यक्रमका लागि आवश्यक कार्य गरिने छ र व्यावसायिक पशुपंक्षि पालन गरि आएका कृषकहरुका लागि अनुदानको व्यवस्था गरिने छ ।

६७ पशु जन्य उत्पादनमा गाउँपालिकालाई आत्मनिर्भर बनाउने कार्य थालनि गरिनेछ र रोगि तथा स्वास्थ्यमा समस्या आएका पशुपंक्षिहरुमा उपचार सेवा प्रभावकारी वनाइनेछ ।

६८ व्यावसायिक पशुपंक्षि पालन गरि आएका कृषकहरुका लागि पशुपंक्षि पालनको लागि तालिमको व्यवस्था गरिने छ तथा पशु पालनका लागि पकेट क्षेत्र स्थापना गरि कार्य गरिने छ ।

६९ पहुँचबाट टाढा रहेका कृषकहरुका पशुहरुमा परजिवि तथा स्वास्थ्य क्षेत्रमा देखिएका समस्या न्यूनिकरण गर्न विभिन्न स्थानमा पशु स्वास्थ्य सिविर सञ्चालन गरिने छ ।

७० अवैधानिक रुपमा ओसार-पसार हुने भैसि, गोरु तथा अन्य पशुपंक्षिहरुबाट सरुवा रोग सजिलै सर्ने भएकाले नियन्त्रणका लागि आवश्यक पहल गरिनेछ र रैथाने जातका पन्छिपालन व्यवसायलाई जोड दिइने छ।

७१ भैसिपालन कार्यक्रमलाई व्यवसायिकरण गरि दुधमा आत्मनिर्भर गाउँपालिका बनाउन आवश्यक कार्य गरिने छ।

उर्जा तर्फ

७२ रामारोशन गाउपालिकामा बर्षेनि चट्याङपरि घाईते अपाङ्ग हुन नदिनका लागि बिज्ञको सहयोगमा अर्थिङको ब्यवस्था गरिने छ ।

७३ रामारोशन गाउपालिकामा केन्द्रिय लाइन पुगिसकेको र बाकि रहेका वडामा बिस्तारको लागि समन्वय गरी अघाडी बढाइने छ ।

रामारोशन गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
शान्तडा,अछाम
२०७३

७४ रामारोशन गाउपालिकामा बाकि रहेका लघु जलबिधुत लाइ नेपाल बिधुत प्राधिकरण सँग समन्वय गरी एकिकृत गर्न को लागि काम अघाडि बढाउन बैकल्पिक उर्जा प्रर्वद्र केन्द्र र बिधुत केन्द्रीय कार्यालय सग समन्वय गरिने छ ।

७५ रामारोहन गाउपालिकामा यसै आ व मा सबस्टेशनको लागि पहल गरीनेछ ।

७६ रामारोशन गाउपालिकामा रहेका सबै लघुजलबिधुत हरुको दिगोपनाको लागी मर्मतसम्भार ब्यवस्थापन गाउपालिका बाटै गर्ने ब्यवस्था मिलाईने छ ।

७७ लघुजलबिधुतको आवश्यक जनशक्ति लाई छमता अभिबृधिको लागि तालिमको ब्यवस्था मिलाईने छ ।

७८ उर्जा निति तयार गरि कार्यानवयनमा ल्याइने छ ।

७९ २०७९।०८० सम्म रामारोशन गाउपालिकालाई अध्यारो मुक्त गाउपालिका घोषणाको लागि काम अघाडि बढाइनेछ ।

८० बिजुलि बत्ति बाट टाढा रहेका केहि घर धुरी लाइ यसै आव मा समाबेस गरीयको र बाकी घरधुरी लाइ सोलार मिनि ग्रिड र केहि लाइ सोलार बितरण गर्न बैकल्पिक उर्जा प्रर्बधन केन्द्र सग समन्वय गरी सोलारको ब्वस्था गरीने छ ।

८१ सोलार मिनि ग्रिड सञ्चालन हुने वडा नँ ४ बाटुलासेन छडेना वाडा नँ ६ भटाकाटीया को भैरी वडा नँ ७ सुतार को दुर्के स्याउले लाइ कुल लागत को १० % रकम उपलब्ध गराइने छ ।

८२ <u>सामाजिक सुरक्षा तथा पन्जिकरण तर्फः</u>

८३ रामारोशन गाउँपालिका वडा न १ देखि ७ सम्मका वडाहरुमा अनलाईन व्यक्तिगत घटना दर्तालाई नेट ईन्टर नेटमा आएको समस्यालाई मध्येनजर गरि व्यवस्थापन गरिने छ ।

८४ व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा सम्वन्धि गुनासो सुनाई अनुगमन तथा निरिक्षण कार्यक्रम प्रत्येक चौमासिकरुमा प्रत्येक वडाहरुमा एक एक पटक गरिने छ ।

८५ सामाजिक सुरक्षा भत्ता पार्दशि वनाउन नेपाल सरकारको नीति अनुरुप वैङ्किग प्रणाली मार्फत प्रथम चौमासिकवाट नै शुरुवात गरिने छ ।

<u>सुचना तथा प्रविधि तर्फः</u>

८६ यस बर्ष गाउँपालिका र ७ वटा वडा कार्यालय,स्वास्थ्य चौकि,बिध्यालयमा ईन्टरनेट जडान गरिनेछ ।

८७ एकिकृत सुचना प्रणली जडान गरिनेछ ।

सुशासन तथा सेवा प्रवाह तर्फः

...गाउँपालिका
...कार्यपालिकाको कार्यालय
शान्तडा, अर्घाखाँची
२०७३

८८ गाउँपालिकाको कार्यालय तथा अन्तरगतका वडा कार्यालयहरु मार्फत प्रवाह हुने सेवालाइ थप प्रभावकारी र शशक्त वनाउन सेवा प्रदायकलाइ उचित किसिमको तालिमको व्यवस्था मिलाइनेछ ।

८९ स्थानीय तहमा कार्यरत राष्ट्रसेवक कर्मचारीहरुको सिप र मनोवल उच्च राख्न सेवाकालिन र पुनर्ताजगी तालिमको व्यवस्था मिलाइनेछ ।

९० कोरोना भाइरस जस्तो विश्वव्यापी महामारीको रुपमा फैलिएको अवस्थामा ज्यानको प्रवाह नगरि सेवा प्रवाह गर्ने स्वास्थ्यकर्मी लगायतका राष्ट्रसेवकलाइ उचित प्रोत्साहनको व्यवस्था गरिनेछ ।

**विविध तर्फः**

९१ न्यायिक सचिवालयको व्यवस्थापनका साथै पिडितहरुको न्यायमा पहुँचको लागी कानूनी साक्षरताको व्यवस्था मिलाइनेछ ।

९२ विभिन्न प्राकृतिक तथा मानविय कारणले समस्या तथा हिंशामा परेका पिडितहरुको पुनर्स्थापनाको लागी सुरक्षित बसाइको व्यवस्था मिलाइनेछ ।

९३ गाउँपालिका भित्र शान्ति सुव्यवस्था तथा अमन चयनको लागी आवश्यक व्यवस्था मिलाइनेछ ।

९४ वाढि तथा पहिरोको कारण घरवार विहिन भएको हरुको लागी एकिकृत वस्ति विकास र सो कार्यका लागी आवश्यक जग्गा व्यवस्थापनको पहल गरिनेछ ।

९५ विभिन्न कारणले जग्गा धनी प्रमाण पुर्जा विहिनहरुको लागी जग्गाधनी प्रमाण पुर्जा उपलब्ध गराउन आवश्यक पहल गरिनेछ ।

९६ पर्यटकिय क्षेत्र रामारोशनको प्रचास प्रसार र विकासको लागी आवश्यक व्यवस्था गरिनेछ ।

९७ नन्दामाता लगायत गाउँपालिका भित्रका धार्मिक क्षेत्रको विकास र पर्वर्द्धनको लागी आवश्यक व्यवस्था मिलाइनेछ ।

९८ प्रकोप व्यवस्थापनलाइ उच्च प्राथमित्तामा राखि राहत तथा पनर्स्थापनाको कार्यलाइ अगाडी वढाइनेछ ।

९९ गाउँपालिकाको अनिवार्य दायित्व र शाखाहरुमा बजेट व्यवस्थापन पश्चात समानुपातिक ढंगले वडाहरुमा बजेट विनियोजन गरिनेछ ।

१०० सहकारी क्षेत्रको नियमन र व्यवस्थापन एवं परिचालन मार्फत राष्ट्रनिर्माणमा योगदान गरिनेछ ।

१०१ कैलासखोलाको ढुंगा गिट्टि र वालुवाको संकलन र निकासिलाइ नियमन गरिनेछ ।

१०२ सुधारिएको घट्ट र चुलो मार्फत वातावरण स्वच्छता र वातावरणिय स्वास्थ्यलाइ ध्यान दिइनेछ ।

१०३ पर्यटकिय क्षेत्रमा सुचना प्रविधिको पहुँचलाइ सुनिश्चित गरिनेछ ।

१०४ स्थानीय उत्पादन र उद्दमीलाइ प्रोत्साहन र पर्वर्द्धन गरिनेछ ।

१०५ जनयुद्ध तथा जनआन्दोलनका घाइते, अपाङ्ग, जेलवन्दि तथा वेपत्ता परिवारहरुको लागी जिविकोपार्जन एवं सिप विकास क्रियाकलापहरु सन्चालन गरिनेछ ।

१०६ उल्लिखित सम्पुर्ण शैद्धान्तिक र नितिगत कुराहरुको कार्यान्वयनको लागी आ.व. २०७८/७९ को लागी निम्नानुसारको आय तथा व्यय हुने अनुमानित विवरण पेस गर्दछु ।

आय तर्फः

| | |
|---|---|
| संघिय समानिकरण अनुदान | ९८१००००० |
| प्रदेस समानिकरण अनुदान | ६७८८००० |
| संघिय राजश्व | ८४८००००० |
| प्रदेश राजश्व | १६०९००० |
| संघिय ससर्त अनुदान | २५३५००००० |
| प्रदेश विशेष अनुदान | ५०००००० |
| संघिय समपुरक अनुदान | ४०००००० |
| प्रदेश समपुरक अनुदान | ८०६८००० |
| आन्तरिक आय | |
| जम्मा | ४६१८६५००० |

व्यय तर्फः

| | |
|---|---|
| संघिय समपुरक अनुदान अन्तरगतका योजनाहरुको लागी | |
| प्रदेस समपुरक योजनाहरुको लागी | |
| कार्यालय सन्चालन तथा चालुजन्य खर्च | |
| भुक्तानी दिन वाकि अनिवार्य दायित्व | ३९८०२०६४ |
| समपुरक कोष | ६५००००० |
| अन्य | |
| जम्मा | |

नेपालको संविधानले तिन तहक्रो राज्य संरचनालाइ आत्मसात गरि संघिय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थालाइ आत्मसात गरेको छ । जनताको नजिकको सरकारको हिसावले जनताका अधिकतम समस्याको हल स्थानीय सरकारले गर्नु पर्ने र सिमित स्रोत र कमजोर आन्तरिक आयको कारण यस वर्ष कुनै नयाँ निति तथा योजना समावेस हुन सकेका छैनन । विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरस, २०७७/०५/०२ को विनासकारी वाढी र ठुला बहुवर्षिय योजनाहरु कार्यान्वयनको चरणमा रहेकोले अत्यन्तै आर्थिक जटिलताको विच यो निति तथा कार्यक्रम पेस गरेकोछु । सिमित स्रोत र साधनबाट जनताको विकास र सुशासनको आकांक्षा परिपुर्तिको लागी नै जनताले हामीलाइ यो युगिन जिम्मेवारी सुम्पिएकोले यो निति तथा कार्यक्रम अनुमोदनको लागी यो सम्मानित सभालाइ अनुरोध गर्दछु ।

धन्यवाद ।

..............................

सरस्वती रावल

उपाध्यक्ष

रामारोशन गाउँपालिका